# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, असोज १६ गते, २०८१ साल (संख्या ०४)

## भाग २

## लुम्बिनी प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## राप्ती उपत्यका (देउखुरी), नेपालको

### सूचना

लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०६/१४ को निर्णयानुसार "प्रदेश राजपत्र तथा कानूनको सम्पादन र प्रकाशन नियमावली, २०८१" स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# प्रदेश राजपत्र तथा कानूनको सम्पादन र प्रकाशन नियमावली, २०८१

प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा १४ को अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम, र प्रारम्भः** (१) यस नियमावलीको नाम "**प्रदेश राजपत्र तथा कानूनको सम्पादन र प्रकाशन नियमावली, २०८१**" रहेको छ।

(२) यो नियमावली प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावली,-

(क) "**ऐन**" भन्नाले प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "**कानून मन्त्रालय**" भन्नाले प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) "**खण्ड सङ्ग्रह**" भन्नाले कानून मन्त्रालयबाट प्रदेश राजपत्रमा प्रकाशन भएका कानूनहरुको मूल वा एकीकृत रुपमा प्रकाशित ऐन तथा नियमावलीहरुको सङ्ग्रह सम्झनु पर्छ ।

(घ) "**प्रदेश राजपत्र**" भन्नाले लुम्बिनी प्रदेश सरकारबाट प्रकाशन भएको प्रदेश राजपत्र सम्झनु पर्छ।

३. **प्रदेश राजपत्र प्रकाशन गरिनेः** (१) ऐनमा तोके बमोजिमका सार्वजनिक लिखतहरु प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(२) उपनियम (१) बमोजिमको सार्वजनिक लिखतहरु कानून मन्त्रालयले प्रकाशन गर्नेछ।

४. **प्रदेश राजपत्र प्रकाशन गर्ने प्रकृयाः** (१) प्रदेशका ऐन वा अध्यादेश प्रदेश सरकारको कानून सचिवको नाममा प्रकाशन गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम बाहेक अन्य सार्वजनिक लिखतहरु ऐनमा तोकिएको निकाय वा अधिकारीको निर्णय आधारमा सम्बन्धित मन्त्रालय वा निकायको प्रमुख वा निजले तोकेको अधिकारीले सम्पादनको लागी सक्कल निर्णय फायल सहित कानून मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) कानून मन्त्रालयले उपनियम (२) बमोजिम प्राप्त सार्वजनिक लिखतहरु प्रदेश राजपत्रमा प्रकाशन गर्ने प्रयोजनका लागि सो को खण्ड, भाग, सङ्ख्या, अङ्क लगायतको आवश्यक अभिलेखको विवरण जनाई आवश्यक सम्पादन गरी प्रदेश राजपत्रमा प्रकाशन गर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रिपरिषद्, प्रदेश सभा, प्रदेश लोक सेवा आयोग, प्रदेश प्रमुखबाट स्वीकृत वा प्रमाणीकरण हुने सार्वजनिक लिखत प्रदेश राजपत्रमा प्रकाशन गर्ने प्रोयोजनार्थ तर्जुमाको चरणमा कानून मन्त्रालयको पूर्व सहमति लिएको हुनु पर्नेछ।

५. **प्रदेश राजपत्रमा प्रकाशन गरिने अङ्कः** (१) प्रदेश राजपत्र प्रकाशन गर्दा प्रदेशका ऐन र अध्यादेश अतिरिक्ताङ्क गरी र सो बाहेकका सार्वजनिक लिखतहरु नियमित अङ्कको रुपमा प्रत्येक हप्ताको सोमबार र विहिबार प्रकाशन गरिनेछ।

(२) उपनियम (१) बमोजिम अतिरिक्ताङ्क प्रकाशन गर्दा देहाय बमोजिम गरिनेछः-

(क) नेपालको संविधान बमोजिम प्रदेश प्रमुखबाट प्रमाणीकरण हुने प्रदेश विधेयक

वा अध्यादेश जुन मितिमा प्रमाणीकरण भएको हो सोही मितिको अतिरिक्ताङ्क गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने,

(ख) कुनै खास विषयको कुनै सूचना प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्नु पर्ने विशेष कारण भएमा त्यसको कारण खुलाई प्रदेश सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी कुनै सूचना प्रकाशन गर्नु पर्ने भएमा निर्णय भएको मितिको तीन महिना भित्रै प्रकाशन गर्नुपर्ने,

(३) उपनियम (२) को खण्ड (ख) को अवस्थामा बाहेक देहायका बमोजिमका सार्वजनिक लिखतहरु अतिरिक्तांकमा प्रकाशन गरिने छैनः-

(क) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा अधिकार पत्र, प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना, संविधान, संघीय वा प्रदेश कानून अन्तर्गतका नियुक्ति वा अन्य सूचना, नेपाल सरकारको सहमति

लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,

(ख) कुनै दण्ड जरिवाना गर्ने वा कर, दस्तुर वा शुल्क लगाउने गरी ऐनको अधिकार प्रयोग गरी नियम बनाउँदा वा सूचना प्रकाशन गर्दा कानूनमा अन्यथा भएकोमा बाहेक त्यस्तो नियम वा सूचनालाई पश्चातदर्शी प्रभाव हुने गरी,

(४) यस नियमावली बमोजिम प्रदेश राजपत्रमा नियमित अङ्क (सङ्ख्या) र अतिरिक्ताङ्क कायम गर्दा प्रत्येक वर्षको सूचनाको आधारमा वर्ष (खण्ड), मिति र अतिरिक्ताङ्क/संख्या कायम गरी प्रकाशन गर्नु पर्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने कुनै सार्वजनिक लिखत प्रदेश राजपत्रमा प्रकाशन नभएको भए यो नियमावली प्रारम्भ भएको एक महिना भित्र सम्बन्धित मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशनको लागी कानून मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी प्राप्त भएका सार्वजनिक लिखतहरु प्रदेश राजपत्रमा प्रकाशन गर्न बाधा पर्ने छैन ।

तर, सो समयावधिभित्र प्राप्त नभएका सार्वजनिक लिखतहरु यसै नियमावलीको कार्यविधि पूरा गरी प्रकाशन गर्नु पर्नेछ ।

६. **<u>प्रदेश राजपत्रको ढाँचा</u>:** (१) प्रदेश राजपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

(२) प्रदेश राजपत्रको कागज तथा अक्षरको आकार र लिपि अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **<u>प्रदेश राजपत्रको छपाई खर्च</u>:** (१) प्रदेश राजपत्रको छपाई गर्दा लाग्ने खर्च कानून मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम प्रदेश राजपत्रको प्रकाशन खर्च प्रदेश सरकारको विनियोजित बजेटबाट कानून मन्त्रालयले व्यहोर्ने छ।

८. **<u>राजपत्र तथा कानुन सम्पादन र प्रकाशन समिति</u>:** (१) प्रदेश राजपत्र सम्पादन, प्रकाशन एवं अन्य व्यवस्थापन गर्ने प्रयोजनका लागि कानून मन्त्रालयमा देहाय बमोजिमको राजपत्र तथा कानून सम्पादन र प्रकाशन समिति रहनेछ :-

(क) सचिव, कानून मन्त्रालय - संयोजक

(ख) सचिव/उपसचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रमुख, कानून महाशाखा, मन्त्रालय -सदस्य

(घ) उप सचिव (कानून), प्रदेश सभा सचिवालय - सदस्य

(ङ) कानून अधिकृत, आर्थिक ममिला तथा योजना मन्त्रालय - सदस्य

(च) कानून अधिकृत (तर्जुमा हेर्ने), मन्त्रालय - सदस्य

(छ) कानून अधिकृत (सम्पादन हेर्ने), मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा कानून मन्त्रालयको सचिव अनुपस्थित भएमा कानून मन्त्रालयको कानून महाशाखा प्रमुखले समितिको संयोजकत्त्व गर्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश राजपत्रको सम्पादन एवं प्रकाशन गर्ने, गराउने,

(ख) प्रदेश राजपत्रको सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा आवश्यक निर्णय गर्ने,

(ग) प्रदेश राजपत्रको प्रकाशनमा कुनै प्राविधिक त्रुटी भएमा भूलसुधार गरी प्रकाशन गर्ने, गराउने,

(घ) संशोधन एवम् खारेज भएका मौजुदा प्रदेश कानूनको अद्यावधिक गर्ने,

(ङ) प्रदेश स्तरका ऐन, नियमावली, कार्यविधि/निर्देशिका लगायतका प्रदेश कानूनहरुको एकीकृत खण्ड संग्रह तयार गरी प्रकाशन गर्ने, गराउने,

(च) समितिको कार्यलाई सहयोग गर्न आवश्यक पर्ने अन्तर मन्त्रालयका प्रतिनिधि तथा मन्त्रालयका प्राविधिक एवं सहयोगी कर्मचारी लिने वा खटाउने।

(४) उपनियम (१) बमोजिमका सदस्यले नियमानुसार बैठक भत्ता र उपनियम (२) को खण्ड (च) बमोजिम राजपत्र प्रकाशन र व्यवस्थापनमा खटिने प्राविधिक कर्मचारी एवं सहयोगीलाई राजपत्र प्रकाशन गरेको दिनमा नियमानुसार खाजा खर्च उपलब्ध गराइनेछ।

९. **भूल सुधार प्रकाशन गर्ने**: (१) प्रदेश राजपत्रको सम्पादन एवं प्रकाशनको सम्बन्धमा प्रमाणीत प्रति र प्रकाशन प्रतिमा कुनै भूल हुन गएमा कानून मन्त्रालय वा नियम ८ बमोजिमको समितिले निर्णय गरी प्रदेश राजपत्रमा त्यस्तो भूल सूधार गरी प्रकाशन गर्नेछ ।

(२) भूल सुधारको सम्पादन र प्रकाशनको प्रक्रिया मूल राजपत्र प्रकाशनको लागि भए सरह हुनेछ।

१०. **परिशिष्टाङ्क प्रकाशन गर्नुपर्ने**: कानून मन्त्रालयले प्रदेश राजपत्रमा वर्ष भरी प्रकाशन भएका सार्वजनिक लिखतहरुको पूर्ण विवरण उल्लेख गरी वर्ष समाप्त भएपश्चात परिशिष्टाङ्कको रुपमा एकमुष्ट प्रकाशन गर्नु पर्नेछ।

११. **खण्ड सङ्ग्रह प्रकाशन गर्ने**: (१) कानून मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशन भएका ऐन तथा नियमावलीको मूल वा संशोधित व्यवस्थालाई एकीकृत गरी खण्डको स्वरुपमा सङ्ग्रह प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको स्वरुपमा प्रकाशन हुने खण्ड सङ्ग्रह वा यस्तै प्रकृतिको कानूनको एकीकृत सङ्ग्रह कानून मन्त्रालयको अनुमति बेगर प्रदेशको कुनै पनि निकायले प्रकाशन गर्न पाउने छैनन् ।

१२. **राजपत्रको मूल्य निर्धारण**: (१) ऐन तथा यस नियमावली बमोजिम प्रदेश सरकारबाट प्रकाशन हुने राजपत्रको मूल्य निर्धारण देहाय बमोजिम प्रकाशन गरिनेछ :-

(क) १ देखि ८ पेज सम्म एक प्रतिको रु.५।-

(ख) ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१५।-

(ग) २५ देखि ४० पेज सम्म एक प्रतिको रु.२५।-

(घ) ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.३५।-

(ङ) ५७ देखि ७२ सम्म एक प्रतिको रु.४५।-

(च) ७३ देखि ९६ सम्म एक प्रतिको रु.६०।-

(छ) ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ४२ पैसाका दरले थप शुल्क लिने गरी मूल्य तोकिएको छ ।

(२) उपनियम (१) बमोजिम प्रकाशन हुने राजपत्र कानून मन्त्रालयले यस प्रदेशका अन्य मन्त्रालय, मन्त्रालयस्तरका सचिवालय वा कार्यालयलमा आवश्यकता अनुसार एक/एक प्रति निःशुल्क रुपमा र स्थानीय तहको हकमा विद्युतीय प्रति उपलब्ध गराउने व्यवस्था गर्नेछ।

(३) कानून मन्त्रालयबाट प्रकाशन हुने राजपत्रको वार्षिक ग्राहक हुन चाहने व्यक्ति वा निकायले देहाय बमोजिमको शुल्क बुझाई राजपत्र खरिद गर्न सक्नेछः-

(क) हुलाकबाट रजिष्ट्री गरी पठाउँदा लाग्ने वार्षिक शुल्क रु.३०००/-

(ख) कानून मन्त्रालय मार्फत सदस्यलाई बुझाउँदा लिइने वार्षिक शुल्क रु.३०००/-

(ग) कानून मन्त्रालय मार्फत स्वयं आफै आई बुझिलिदाँ लाग्ने वार्षिक शुल्क रु. १८००/-

१३. <u>**प्रदेश राजपत्रको पुनःप्रकाशन नगरिनेः**</u> प्रदेश राजपत्रमा एक पटक सम्पादन भई प्रकाशन भएको सार्वजनिक लिखत पुनः प्रकाशन गरिने छैन।

१४. **<u>राजपत्रको आधिकारीकता प्रमाणितः</u>** प्रकाशित प्रदेश राजपत्रको उपलब्धता हुन नसकी सोको आधिकारीता प्रमाणित गर्नुपर्ने भएमा कानून मन्त्रालयको राजपत्र हेर्ने शाखाको कानून अधिकृतले आधिकारीता प्रमाणीत गर्न सक्नेछ र यसरी प्रमाणीत गरेको राजपत्रको प्रतिलाई आधिकारीक प्रति मानिनेछ।

१५. **<u>राजपत्रको अभिलेख राख्नु पर्नेः</u>** मन्त्रालयले प्रकाशन भएका प्रदेश राजपत्रको विधुतीय र मुद्रित प्रतिको छुट्टा छुट्टै सुरक्षित अभिलेख राख्नु पर्नेछ।

१६. **<u>खारेजी र बचाउ</u>ः** १) प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश राजपत्रको ढाँचा**

# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड..) राप्ती उपत्यका (देउखुरी), नेपाल,...महिना...गते...साल संख्या/अतिरिक्ताङ्क

**भाग...**

**लुम्बिनी प्रदेश सरकार**

**..................मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपालको

सूचना

**द्रष्टव्य:** नेपालको संविधान बमोजिम स्थापना भएका प्रदेशका संवैधानिक कार्यालयसँग सम्बन्धित सार्वजनिक लिखतको सूचनामा सोही निकायको नाम राखी प्रकाशन गरिनेछ।

## अनुसूची-२

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**प्रदेश राजपत्रको साइज**

१. **कागजको आकार :** A5 (लम्बाई ८.२७ र चौडाई ५.८३ इन्च)

२. **अक्षरको आकार :** ११ प्वाइन्ट, लिपी : कालिमाटी

**आज्ञाले,**

**रेखा कंडेल**

**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित ।
मूल्य रु. १५।-